अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०७।१२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी डा.नागेन्द्र प्रसाद यादवसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रादेशिक अस्पताल सिराहाका, तत्कालीन कार्यालय प्रमुख डा.नागेन्द्र प्रसाद यादवसमेतका प्रतिवादीहरू उपर सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू.३८,७७,७२४/८३ (अठतिस लाख सतहत्तर हजार सातसय चौबिस रूपैयाँ त्रियासी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८२।१२।२३ को फैसलाबाट सफाई दिएकोले उक्त फैसलाउपर चित्त नबुझी मिति २०८३।०७।१२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु प्रादेशिक अस्पताल सिरहाका, तत्कालीन कार्यालय प्रमुख **डा.नागेन्द्र प्रसाद यादव समेत १० जना** मु.नं (०८२-CR-००९०) फैसला मिति **२०८२/१२/२३**	सार्वजनिक सम्पतिको हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** • प्रादेशिक अस्पताल सिरहाका तत्कालीन कार्यालय प्रमुखहरु डा.नागेन्द्र प्रसाद यादव, डा.सरोज यादव र तत्कालीन प्रशासन प्रमुख अशोक कुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई बिगो रु.३८,७७,७२४।८३ (अक्षरेपि अड्तिस लाख सतहत्तर हजार सात सय चौबिस रुपैया त्रियासी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ। • प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत अ.हे.व श्याम कुमार मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निज प्रतिवादी श्याम कुमार मण्डललाई बिगो रु.२५,४७,४१७।०१ (अक्षरेपि पच्चिस लाख सर्चालिस हजार चार सय सत्र रुपैया एक पैसा) कायम गरी सोही ऐन को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन	**फैसलाः** प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** • प्रतिवादीहरुले अस्पतालको काउन्टरमा संकलित रकम मध्ये बैंक दाखिला गर्दा घटी दाखिला गरेको रकम बेरुजु कायम भई सोही बेरुजु असुलीको प्रकृया अन्तर्गत साँवा व्याज सहित आरोपपत्र दायर हुनु अगावै दाखिला गरिसकेको अवस्थामा नेपाल सरकार वा प्रादेशिक अस्पताललाई हानिनोक्सानी पुगेको भनी मान्न मिल्ने देखिएन।	• प्रादेशिक अस्पताल सिरहाका कर्मचारीहरुको मिलेमतोमा ओपिडी लगायतमा महत्वपूर्ण नगद रकम संकलन काउन्टरमा दैनिक संकलन भएको राजस्व रकम राजश्व खातामा जम्मा नगरी विगत लामो समयदेखि पचास लाख भन्दा बढी रकम हिनामिना गरेको भन्ने समेत बेहोराको उजुरी निवेदनबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा प्रादेशिक अस्पताल सिरहाको आर्थिक वर्ष २०८०।०८१ मा बिल काउन्टरबाट संकलन भएको राजस्व रकम प्रशासन शाखामा बुझाउने, राजश्व बुझाएको दिनको रेकर्ड रजिष्टर खातामा राखी बैंक दाखिला गर्न पठाउने गरेको र जम्मा भएको बैंक दाखिला भौचर आर्थिक प्रशासन शाखामा पठाई आम्दानी बाँध्ने गरेको भन्ने तथ्य प्रादेशिक अस्पताल सिरहाको च.न.४९७ मिति २०८२।०२।२५ गतेको पत्रबाट देखिन्छ।सो प्रादेशिक अस्पतालमा बिलिङ काउन्टरमा काम गर्ने कर्मचारीले काउन्टरबाट दिनभर संकलन हुन आएको रकमसाथ सफ्टवेयरबाट अन्तिममा निस्केको प्रिन्ट विवरण सहित सोही दिन वा सो दिनको भोलीपल्ट प्रशासन शाखा (अशोक कुमार सिंह समक्ष) मा बुझाउनुपर्ने र प्रशासन शाखाले प्रिन्ट कागजको विवरण र रकम यकिन गरी विविध ख. ६ खातामा बैंक दाखिला गरी प्राप्त हुन आएको भौचर लेखा शाखामा बुझाई आम्दानी बाँध्ने अभ्यास रहेकोमा तत्कालीन **प्रशासन प्रमुखहरु डा. नागेन्द्र प्रसाद यादव र डा. सरोज यादव**ले सफ्टवेयरबाट निस्केको प्रिन्ट बमोजिमको विवरण र रकम समेत यकिन नगरी आपसि मिलेमतोमा रजिष्ट्रर खडा गरेजस्तो गरी तत्कालीन **लेखा प्रमुख रत्न प्रसाद मण्डल र अशोक कुमार यादव**ले आम्दानी जम्मा गर्न आँउदा यकिन नै नगरी आम्दानी बाँधेको देखिन्छ।यसरी तत्कालीन प्रमुख डा. नागेन्द्र प्रसाद यादव र डा. सरोज यादवले बिलिङ काउन्टरबाट संकलन भएको रकम कुन कुन कर्मचारीले के कति संकलन गरे सफ्टवेयरबाट नै हेर्न पाउने/सक्ने पहुँच रहेकोमा निज प्रतिवादीहरुले सोको एकिन गर्ने र नियमन गर्नु पर्नेमा अन्य प्रतिवादीहरु रत्न प्रसाद मण्डल समेतको आपसी मिलेमतोमा बदनियतपूर्वक बिलिङ्ग सफ्टवेयर अभिलेख बमोजिमको संकलन हुन आएको रकम र जम्मा गरेको भौचर अनुसारको रकम एक आपसमा नभिडाई प्रादेशिक अस्पताल सिरहाको आर्थिक वर्ष २०८०।०८१ मा बिरामीहरुबाट सेवा शुल्क रकम जम्मा रु.३,८७,६६,९७४।८३ (अक्षरेपि तिन करोड सतासी लाख छैसट्ठी हजार नौ सय चौहत्तर रुपैया त्रियासी पैसा) असुल गरेकोमा कर्मचारीले User ID बाट बिलिङ्ग गरी असुली गरेको सेवा शुल्क रकम मध्ये प्रशासन शाखाको रजिष्टरमा अभिलेख भए अनुरुप बैंक भौचर अनुसार दाखिला गरेको रकम रु.३,४८,८९,२५०।-मात्र दाखिला गरी बाँकी जम्मा रु.३८,७७,७२४।८३ (अक्षरेपि अड्तिस लाख सतहत्तर हजार सात सय चौविस रुपैया त्रियासी पैसा) दाखिला नगरी नगराई प्रतिवादीहरुले आपसी मिलेमतो गरी देहाय अनुसारका प्रतिवादीहरुले आफ्नो पदीय दायित्व बमोजिम कार्यक्षेत्रमा आवश्यक निगरानी, निरीक्षण गरी नियमनकारी भूमिका निर्वाह गर्नु पर्नेमा अन्य प्रतिवादीहरुसँगको आपसी मिलेमतोमा लामो समय देखि नियोजित तवरले बदनियतपूर्वक गैरकानूनी लाभ लिने उद्देश्यले सार्वजनिक संस्थाको देहाय बमोजिमको सम्पति हिनामिना, हानीनोक्सानी दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै निज प्रतिवादीहरुलाई सफाई दिने गरि विशेष अदलतवाट भएको फैसला त्रुटिपूर्ण रहेकोले बदर भागी छ। **क.स.** | **पद** | **कर्मचारीको नाम (प्रतिवादीहरु)** | **दाखिला नगरी हिनामिना, हानिनोक्सानी**

मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।

- प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ पुजा कुमारी यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निज प्रतिवादी पुजा कुमारी यादवलाई बिगो रु.२,८८,२२९।४० (अक्षरेपि दुई लाख आठासी हजार दुई सय उनान्तिस रुपैया चालिस पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।
- प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ. सरस्वति कुमारी यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निज प्रतिवादी सरस्वती कुमारी यादवलाई बिगो रु.५,०२,८१३।७४ (पाँच लाख दुई हजार आठ सय तेह्र रुपैया चौहत्तर पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।

			दुरुपयोग गरेको रकम (बिगो रकम रु.)
१.	कार्यालय प्रमुख(मे.सु)	डा. नागेन्द्र प्रसाद यादव र डा. सरोज यादव	रु.३८,७७,७२४।८३
२.	लेखा प्रमुख	रत्न प्रसाद मण्डल र अशोक कुमार यादव	रु.३८,७७,७२४।८३
३.	प्रशासन प्रमुख	अशोक कुमार सिंह	रु.३८,७७,७२४।८३
४.	स.क.अ.	अजय कुमार मण्डल	रु.३,७९,०२१।५०
५.	स.क.अ	सरस्वती कुमारी यादव	रु.५,०२,८१३।७४
६.	स.क.अ	पुजा कुमारी यादव	रु.२,८८,२२९।४०
७.	स.क.अ	रोशन कुमार यादव	रु.१,६४,६५९।६८
८.	अ.हे.ब.	श्याम कुमार मण्डल	रु.२५,४७,४१७।०१

- **प्रतिवादी अ.हे.ब.(करार) श्याम कुमार मण्डलले** उक्त आर्थिक वर्षमा बिलिङ काउन्टरबाट जम्मा बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार रकम रु.७०,३७,३४७।०१ र निजले बिलिङ काउन्टरबाट संकलित रकममध्ये जम्मा रु.४४,८९,९३०।-रकम मात्र अस्पतालको खातामा दाखिला गरेको देखिन्छ, निज प्रतिवादीले जम्मा संकलन गरेको राजश्व रकममध्ये रु.२५,४७,४१७।०१ दाखिला नगरी प्रतिवादीहरुको आपसी मिलेमतोमा हिनामिना हानीनोक्सानी गरी भ्रष्टाचारजन्य कसूर गरेको देखिन्छ।त्यसै गरी **प्रतिवादी स.क.अ. पुजा कुमारी यादवले** सोही आर्थिक बर्षमा बिलिङ काउन्टरमा खटिदाँ बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार जम्मा रु.५७,१९,३५४।४० आम्दानी गरेको देखिएकोमा निजले बैंक भौचर अनुरुप जम्मा रु.५४,३१,१२५।-दाखिला गरेको देखिन्छ भने जम्मा रु.२,८८,२२९।४० दाखिला नगरी प्रतिवादीहरुको आपसी मिलेमतोमा सार्वजनिक सम्पतिको हिनामिना हानीनोक्सानी दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको देखिन्छ।त्यसै गरी **प्रतिवादी स.क.अ. सरस्वती कुमारी यादवले** सोही आर्थिक वर्षमा बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार रु.५५,१६,५३३।७४ कलेक्सन गरेकोमा बैंक भौचर अनुसार रु.४८,८७,२७०।-र मिति २०८१।०४।०१ मा रु.१,२६,४५०।- दाखिला गरेकोमा निजले अस्पतालबाट उठेको राजश्व रकम मध्ये जम्मा रु.५,०२,८१३।७४ दाखिला नगरी अन्य प्रतिवादीहरुसँगको आपसी मिलेमतोमा सार्वजनिक सम्पतिको हिनामिना, हानीनोक्सानी दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको देखिन्छ।त्यसै गरी **प्रतिवादी स.क.अ. रोशन कुमार यादवले** सोही आर्थिक वर्षमा बिलिङ काउन्टरबाट जम्मा रु.६५,५४,३८३।६२ र मिति २०८२।०४।२१ मा रु.८१०।- दाखिला गरेकोमा जम्मा निजले राजश्व रकम रु.१,६४,६५९।६८ दाखिला नगरी अन्य प्रतिवादीहरुसँगको आपसी मिलेमतोमा सार्वजनिक सम्पतिको हिनामिना, हानीनोक्सानी

			• प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ. रोशन कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निज प्रतिवादी रोशन कुमार यादवलाई बिगो रु.१,६४,६५९।६८ (अक्षरेपि एक लाख चौसठ्ठी हजार छ सय उनान्साठी रुपैया अरसठ्ठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। • प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ. अजय कुमार मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निज प्रतिवादी अजय कुमार मण्डललाई बिगो रु.३,७९,०२१।५० (अक्षरेपि तिन लाख उनासी हजार एक्काईस रुपैया पचास पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। • प्रादेशिक अस्पताल सिरहाका तत्कालीन लेखा प्रमुख अशोक कुमार यादवलाई		दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको देखिन्छ।त्यसै गरी **प्रतिवादी स.क.अ. अजय कुमार मण्डलले** सोही आर्थिक वर्षमा बिलिङ काउन्टरमा कार्यरत रँहदा रु.२८,१६,५९६।५० रकम संकलन गरेको देखिन्छ भने बैंक भौचर अनुसार निजले जम्मा रु.२४,३६,७१५।- र फार्मेशी खाता आम्दानी रु.८६०।-दाखिला गरेकोमा जम्मा निजले राजश्व रकम जम्मा रु.३,७९,०२१।५० दाखिला नगरी प्रतिवादीहरुको आपसी मिलेमतोमा सार्वजनिक सम्पतिको हिनामिना, हानीनोक्सानी दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर देखिंदा देखिंदै यि प्रतिवादीहरु समेतलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण रही बदर भागी छ। • **प्रतिवादी तत्कालिन लेखा प्रमुख अशोक कुमार यादवलाई** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२० अनुसारको आर्थिक प्रशासन शाखा प्रमुखको रुपमा कानूनले नै उत्तरदायी बनाएको देखिन्छ। निजले बिलिङ्ग सफ्टवेयरबाट प्रिन्ट भएको विवरण बमोजिम सबै रकम बैंकमा जम्मा भए नभएको एकिन गरी सोही बमोजिमको भौचर लेखा शाखा अभिलेख राख्नुपर्ने मूल जिम्मेवारी रहेका निज प्रतिवादीले पदीय दायित्व/कर्तव्य पूरा गर्ने क्रममा बदनियत राखि अन्य प्रतिवादीहरु सँगको मिलेमतोमा अस्पतालको राजस्व रकम हिनामिना तथा हानिनोक्सानी गर्न/गराउन सहभागी भएको देखिन्छ।निज प्रतिवादीले बिलिङ काउन्टरबाट संकलन भएको राजश्व रकम र सफ्टवेयरबाट अन्तिममा प्रिन्ट भएको विवरण हेरी जाँची भिडाई राजश्व रकम एक आपसमा मिल्ने नमिल्ने यकिन गरी रुजु समेत गरी संकलित रकम बैंकमा दाखिला गरे नगरेको र बैक दाखिला भएको भौचर तथा संकलन हुन आएको रकम पुनः मिले नमिलेको यकिन गरी सो भौचरको १ प्रति लेखा शाखामा अभिलेख राख्नु पर्नेमा यी प्रतिवादी **अशोक कुमार यादवले** अन्य प्रतिवादीहरु डा. नागेन्द्र प्रसाद यादव समेतसँग एक आपसमा बदनियतपूर्ण मिलेमतोमा गैरकानूनी लाभ लिने दिने उद्देश्यले जानि बुझी वदनियतपूर्ण तवरले सो बमोजिमको कार्य नगरी नगराई आरोपपत्रको तालिका नं.८ बमोजिमको **रु.३८,७७,७२४।८३ (अक्षरेपि अड्तिस लाख सतहत्तर हजार सात सय चौबिस रुपैया त्रियासी पैसा**) रकम हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको प्रादेशिक अस्पताल सिरहाको चलानी नं. २२०, मिति २०८१।०९।१९ गतेको पत्रासाथ प्राप्त आय व्यय ०८०।०८१, सोही पत्रासाथ प्राप्त हुन आएको प्रयोगकर्ता अनुसारको आर्थिक वर्ष २०८०।०८१ को बार्षिक आम्दानी विवरण सफ्टवेयर अनुसारको प्रमाणित प्रतिलिपि पाना १३(तेह्र) र सो आर्थिक वर्षमा प्रयोगकर्ताले जम्मा गरेको बैंक दाखिला भौचर लगायतको माथि विवेचित आधार प्रमाणहरुबाट भ्रष्टाचारजन्य कसुर देखिंदा देखिंदै यि प्रतिवादी अशोक कुमार यादव समेतलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण रही बदर भागी छ। • महालेखापरिक्षकको कार्यालयबाट मिति २०८१/१०/०५ मा प्रादेशिक अस्पताल सिरहाको आर्थिक वर्ष २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ।उक्त प्रतिवेदनको बुँदा नं १८ मा सेवा शुल्क घटी दाखिला गरेको भन्ने विषयमा राय प्रस्तुत गरेको देखिन्छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले सरकारी नगदी रकम सोही दिन वा भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र दाखिला नगरेमा दश दिनभन्दा बढी ढिला गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी सो समेत दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्नुपर्ने उल्लेख छ।त्यस्तै प्रदेश कार्यविधी आर्थिक ऐन, २०७४ को दफा २४ (२) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा दश दिन सम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना सहित दाखिला गर्न

			भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निज प्रतिवादीलाई बिगो रु.३८,७७,७२४।८३ (अक्षरेपि अड्तिस लाख सतहत्तर हजार सात सय चौबिस रुपैया त्रियासी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। • प्रादेशिक अस्पताल सिरहाका तत्कालीन लेखा प्रमुख रत्न प्रसाद मण्डलको श्रीमती मुस्कान कुमारी मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निज प्रतिवादीलाई बिगो रु.३८,७७,७२४।८३ (अक्षरेपि अड्तिस लाख सतहत्तर हजार सात सय चौबिस रुपैया त्रियासी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदावी लिनुपर्ने देखिएतापनि पनि निज प्रतिवादी रत्न प्रसाद मण्डलको मिति २०८१।०४।०१ मा मृत्यु भएको देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निज उपर फौजदारी		लगाउनुपर्ने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशत जरिवाना रकम समेत दाखिला गर्न लगाउने व्यवस्था उल्लेख छ। प्रादेशिक अस्पताल सिरहाले बिलिङ सिस्टम संचालन एवं सेवा शुल्क संकलन गर्न सफ्टवेयर एवं बिलिङ प्रणाली प्रयोगमा ल्याएको देखिन्छ। यि प्रतिवादीहरुले बदनियतपूर्वक आपसी मिलेमतो गरी उक्त सफ्टवेयर प्रयोग गर्न User ID लिई विरामीहरुबाट सेवा शुल्क रु.३,८७,६६,९७४।८३ असुल गरेको देखिन्छ। कर्मचारीले User ID बाट बिलिङ्ग गरी असुली गरेको सेवा शुल्क रकम रु.३,४८,८९,२५०/- मात्र दाखिला गरी रु.३८,७७,७२४।८३ (अक्षरेपि अड्तिस लाख सतहत्तर हजार सात सय चौबिस रुपैया तेह्र पैसा) दाखिला नगरी बाँकी नै रहेकोले सो को दश प्रतिशतले हुने जरिवाना रु.३,८८,२१४।१३ समेत रु.४२,६५,९३८।९६ (अक्षरेपि बयालिस लाख पैसट्ठी हजार नौ सय अड्तिस रुपैयाँ छयानब्बे पैसा) सम्बन्धित कर्मचारीबाट असुल उपर गरी कानुन बमोजिम कारवाही गर्नुपर्ने भन्नेसमेत व्यहोराको प्रतिवेदन देखिएबाट प्रतिवादीहरुको आपसी मिलोमतोबाट बदनियतपूर्वक तवरले आफुहरुलाई लाभ हुने र प्रादेशिक अस्पतालको सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको थप पुष्टि भई हिनामिना हानिनोक्सानी भएको तथ्य स्थापित भएको अवस्थामा प्रतिवादीहरुले यस आयोगमा उजुरी परी प्रस्तुत मुद्दा अनुसन्धानको क्रममा रहेको अवस्थामा आरोपबाट उन्मुक्ति पाउने मनसायले जम्मा गरेको उक्त बिगो दाखिला भइसकेको भनी प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने गरि भएको उक्त फैसला **सम्मानित श्री सर्वोच्च अदालतबाट प्रदिपकुमार नकर्मी विरुद्ध नेपाल सरकार (ने.का.प.२०७७, अंक १, निर्णय नं.१०४१५)** मा *"कुनै कसुर गरेको कारण कानुनमै देवानी र फौजदारी दुवै दायित्व बहन गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा केवल देवानी दायित्व पुरा गरेका कारणले मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न मिल्दैन। फौजदारी कसुरमा कसुरदारले बहन गर्नुपर्ने देवानी र फौजदारी दायित्वहरु फरक फरक दायित्वहरु हुन। कानूनी व्यवस्थाले नै देवानी र फौजदारी दुवै दायित्वहरु बाध्यकारी हुने भनी उल्लेख गरेको अवस्थामा ऐच्छिक रुपमा देवानी वा फौजदारी दायित्वमध्ये कुनै एक दायित्व बहन गर्दा पर्याप्त हुने भनी व्यख्या गर्न नमिल्ने..."* भन्ने समेतका नजिर सिद्धान्त प्रतिपादन भएको परिवेशमा यि प्रतिवादीहरुलाई फौजदारी दायित्वबाट उन्मुक्ति दिने गरी भएको उक्त फैसला उल्लिखित नजिर सिद्धान्तको रोहबाट त्रुटि पूर्ण देखिदा बदर भागी छ। • महालेखा परीक्षकको कार्यालयले प्रस्तुत मुद्दाको बिगो रकमको सम्बन्धमा बेरुजु देखाई यि प्रतपिवादीहरुले बदनियत चिताई कार्य गरेको समेत देखिई यि प्रतिवादीहरु डा. नागेन्द्रप्रसाद यादव समेतलाई विभागीय कारवाहीको राय समेत दिएबाट यि प्रतिवादीहरुले बदनियतपूर्वक उक्त सरकारी रकम मासी खाने र दुरुपयोग गर्ने मनसायले रकम हिनामिना गरेको स्पष्ट रुपमा उल्लिखित तथ्य प्रमाणबाट पुष्टि भएको अवस्थामा यि प्रतिवादीहरु डा. नागेन्द्रप्रसाद यादव समेतलाई सफाई दिने गरी भएको फैसला **सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे विरुद्ध नेपाल सरकार (सर्वोच्च अदालत बुलेटिन, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णाङ्क ४१७, पृष्ठ १९)** मुद्दामा प्रतिपादित *"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लागछ। प्रस्तुत सन्दर्भमा प्रतिवादीहरुले क्रियातत्व हेर्दा मासी खाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट काम कारवाही भएको देखिन्छ। यस्तो कार्य भ्रष्टाचारजन्य कसुर अन्तर्गत पर्ने"*। नजिर सिद्धान्त प्रतिपादन समेतको आधारमा त्रुटीपुर्ण देखिन्छ। यि प्रतिवादीहरुले गरेको भ्रष्टाचारजन्य कसुरका सन्दर्भमा हेर्दा उक्त बिगो रकम राजश्व खातामा दाखिला नगरी आपसी मिलेमतोमा खाई मासेको हिनामिना हानी

			कसुरमा कैदको सजाय माग दावी लिनुपर्ने अवस्था नरहेता पनि निज उपर मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि विगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी रत्न प्रसाद मण्डलले जिवित हुँदा भ्रष्टाचारजन्य कसुर गरी नेपाल सरकार/सार्वजनिक संस्थालाई हानि पुर्याएको बिगो रु.३८,७७,७२४।८३ (अक्षेरेपि अड्तिस लाख सतहत्तर हजार सात सय चौबिस रुपैया त्रियासी पैसा मात्र) निज प्रतिवादी रत्न प्रसाद मण्डलको हक खाने निजको श्रीमती मुस्कान कुमारी मण्डलबाट असुल उपर हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।		नोक्सानी भई सकेको तथ्य पुष्टि भएको देखिदा देखिदै कसूरमा उन्मुक्ति पाउने उदेश्यले पछीवाट विगो रकम दाखिला गरेकै आधारमा कसूरजन्य कार्यवाट उन्मुक्ति हुन नसक्ने अवस्था देखिदा निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरी विशेष अदलतवाट भएको फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ। • अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरु तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर समेतबाट विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु डा. नागेन्द्रप्रसाद यादव, डा.सरोज यादव, अशोक कुमार सिंह, अशोककुमार यादव, श्यामकुमार मण्डल, पूजा कुमारी यादव, सरस्वतीकुमारी यादव, अजयकुमार मण्डल, रोशनकुमार यादव र मुस्कान कुमारी मण्डललाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ।